# प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

प्रस्तावनाः प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "प्रहरी समायोजन ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "प्रहरी कर्मचारी" भन्नाले यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल प्रहरीमा बहाल रहेका प्रहरी कर्मचारी सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

(ग) "समायोजन" भन्नाले प्रहरी कर्मचारीलाई यस ऐन बमोजिम स्वीकृत नेपाल प्रहरी वा प्रदेश प्रहरीको सङ्गठन संरचनाको पदमा पदस्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ ।

३. **सङ्गठन संरचना तथा दरबन्दी कायम गर्नेः** (१) यस ऐन बमोजिम समायोजन गर्ने प्रयोजनको लागि नेपाल प्रहरी तथा प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी नेपाल सरकारले कायम गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना तथा दरबन्दी कायम गर्नको लागि सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः–

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) प्रहरी प्रधान कार्यालयले तोकेको एक प्रहरी अतिरिक्त महानिरीक्षक - सदस्य

(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य

(घ) सहसचिव, नेपाल सरकारको अर्थ मन्त्रालय –सदस्य

(ङ) सहसचिव, नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय –सदस्य

(च) सहसचिब, मन्त्रालय -सदस्य–सचिव

(३) समितिको बैठक तथा तत्सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले सङ्घ वा प्रदेशको शान्ति सुरक्षा तथा व्यवस्थाको लागि गर्नु पर्ने कार्य र औचित्य समेतको आधारमा नेपाल प्रहरी र प्रदेश प्रहरीको दरबन्दी विवरण सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी मन्त्रालयमा सिफारिस गर्नेछ ।

(५) समितिले प्रदेश प्रहरी अन्तर्गतको कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी सिफारिस गर्दा प्रदेश प्रहरीको पदमा कायम हुने नेपाल प्रहरीको दरबन्दी र पद समेत यकीन गरी नेपाल प्रहरीको पद प्रमुख हुने प्रदेश प्रहरी कार्यलयमा सङ्घीय कानून बमोजिम अपराध अनुसन्धान गर्ने प्रयोजनको लागि आवश्यक सङ्ख्यामा नेपाल प्रहरीको दरबन्दी समेत रहने गरी सिफारिस गर्नु पर्नेछ।

(६) समितिले उपदफा (४) बमोजिम प्रतिवेदन तयार गर्दा प्रदेश प्रहरीमा रहने पद तथा श्रेणीको सम्बन्धमा समेत सिफारिस गर्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम समितिले सिफारिस गरेको आधारमा नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी कायम गर्नको लागि मन्त्रालयले नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नेछ ।

(८) समितिले आफ्नो काममा सहयोग गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

४. **प्रहरी कर्मचारीको विवरण तयार गर्ने:** (१) मन्त्रालयले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र प्रहरी कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि प्रहरी कर्मचारीको विवरण तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण तयार गर्ने प्रयोजनको लागि मन्त्रालयले राष्ट्रिय किताव खानामा रहेको प्रहरीको विवरणलाई आधार लिनेछ र आबश्यकता अनुसार प्रहरी प्रधान कार्यालयसँग प्रहरी कर्मचारीको विवरण माग गर्न सक्नेछ । त्यसरी माग गरिएको विवरण प्रहरी प्रधान कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

५. **समायोजनको लागि सूचना प्रकाशन गर्ने:** (१) मन्त्रालयले यस ऐन बमोजिम प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा समायोजनको लागि प्रत्येक प्रदेशमा समायोजन गरिने पद, दर्जा र त्यसको सङ्ख्यासहितको विवरण खुलाई समायोजनको लागि प्रहरी कर्मचारीबाट निवेदन आव्हान गरी सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन आव्हान गर्दा प्रत्येक प्रदेशमा समायोजन गरिने पद सङ्ख्या तथा दर्जा र हाल नेपाल प्रहरीको कुन पद वा श्रेणीको प्रहरी कर्मचारी प्रदेशको कुन पद वा श्रेणीमा समायोजन हुन सक्ने हो सो कुरा समेत खुलाईएको विवरण मन्त्रालयको वेबसाईटमा प्रकाशन गर्नु पर्नेछ ।

(३) प्रदेश प्रहरीको सेवामा समायोजन भई जान चाहने प्रहरी कर्मचारीले उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र मन्त्रालयले तोके बमोजिम निवेदन दिनु पर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजनको लागि निबेदन नदिएका प्रहरी कर्मचारीलाई यस ऐनको अधीनमा रही प्रदेश प्रहरीमा समायोजन गर्न बाधा पुगेको मानिने छैन।

६. **समायोजन भई जान चाहने प्रहरी कर्मचारीको विवरण तयार गर्ने:** दफा ५ बमोजिम प्राप्त निवेदनको आधारमा मन्त्रालयले प्रत्येक प्रदेशमा प्रदेश प्रहरीमा समायोजन भई जान चाहने प्रहरी कर्मचारीको विवरण तयार गर्नेछ ।

७. **प्रहरी कर्मचारीको समायोजन:** (१) दफा ३ बमोजिम कायम भएको प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दीमा दफा ६ बमोजिम तयार गरेको विवरण तथा दफा ८ बमोजिमको आधारमा प्रहरी कर्मचारीलाइ अधिकारप्राप्त अधिकारीले समायोजन गर्नेछ ।

(२) दफा ३ बमोजिम कायम भएको सङ्गठन संरचना तथा दरबन्दीमा उपदफा (१) बमोजिम समायोजन गर्दात्यस्तो प्रहरी कर्मचारीलाई खाइपाइ आएको तलब वृद्धि (ग्रेड) मादुइ तलब वृद्धि (ग्रेड) थप गरी समायोजन गरिनेछ ।

(३) यस दफा बमोजिम प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाइ आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) र (३) बमोजिम प्रदेश प्रहरीमा समायोजन गर्दा थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिइनेछ ।

(५) यस दफा बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको प्रहरी कर्मचारी अस्वस्थ भै सेवामा रहन नसक्ने भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले सिफारिस गरेमा वा अनिवार्य अवकाश हुने

अवस्था भएमा बाहेक समायोजन भएको न्यूनतम एक वर्ष सेवा अवधि पूरा नभई राजीनामा दिएमा वा स्वेच्छिक अवकाश लिएमा निजलाई समायोजन हुनु अघि बहाल रहेको पदबाट पाउने सुविधा मात्र दिइनेछ।

(६) यस दफा बमोजिम प्रदेश प्रहरीमा समायोजन भए बाहेकका अन्य प्रहरी कर्मचारी नेपाल प्रहरीमा स्वतः कायम भएको मानिनेछ ।

(७) उपदफा (६) बमोजिम नेपाल प्रहरीमा कायम भएका प्रहरी कर्मचारीहरु मध्येबाट दफा ३ बमोजिम कायम भएको नेपाल प्रहरीको दरबन्दीमा ज्येष्ठताको आधारमा नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम उपदफा (१) बमोजिमको अधिकारीले समायोजन गर्नेछ ।

८. **<u>प्रहरी कर्मचारी समायोजनको आधारः</u>** (१) यस ऐनबमोजिम प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा समायोजन गर्दादफा ५ को उपदफा (३) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः देहायको आधारमा गरिनेछः–

(क) कार्यरत पदको ज्येष्ठता,

(ख) कम्तीमा एक वर्षदेखि कार्यरत रहेको प्रदेश,

(ग) हालको स्थायी बसोबासको ठेगाना,

(घ) नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना,

(ङ) उमेरको जेष्ठता ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीमा समायोजन गर्दा प्रहरी कर्मचारीको छनौटका आधारमा सम्भव भएसम्म पति पत्नीलाई एकै प्रदेशमा पर्ने गरी समायोजन गरिनेछ ।

९. **<u>प्रहरी कर्मचारी खटाउन सकिनेः</u>** (१) दफा ७ बमोजिम समायोजन गर्दा समेत दफा ३ बमोजिम कायम भएको प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दीमा पदपूर्ति गर्न नसकिएमा दफा १४ बमोजिम पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरु मध्येबाट दफा ७ को उपदफा (१) बमोजिमको अधिकारीले समान पदको कामकाज गर्ने गरी अवधि तोकी प्रदेश प्रहरीमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा खटाउने प्रयोजनको लागि मन्त्रालयले दफा १४बमोजिम पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीको विवरण तयार गर्नेछ ।

(३) यस दफा बमोजिम प्रदेश प्रहरीमा खटाइएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको रुपमा कार्यसम्पादन गर्नु पर्नेछ ।

(४) प्रदेश प्रहरी प्रमुख बाहेक यस दफा बमोजिम खटिएको प्रहरी कर्मचारीलाई प्रदेश सरकारको सम्बन्धित निकाय वा अधिकारीले प्रदेशभित्रको एउटा कार्यालय वा निकायबाट अर्को कार्यालय वा निकायको समान पदमा स्थानान्तरण गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खटिएको प्रहरी कर्मचारीले राजिनामा दिएको, त्यस्तो कर्मचारी नेपाल प्रहरीको दरबन्दीको पदमा बढुवा वा सरुवा भएको वा त्यस्तो कर्मचारीको मृत्यु भएको कारण त्यस्तो पद रिक्त भएमा प्रदेश सरकारले प्रदेश कानून बमोजिम त्यस्तो रिक्त पद पूर्तिको कारबाही अगाडि बढाउन सक्नेछ ।

१०. **<u>पदपूर्तिको लागि माग गर्न सक्नेः</u>** (१) दफा ३ बमोजिम कायम गरिएको प्रदेश प्रहरीको दरबन्दीमा दफा ८ बमोजिम समायोजन गर्दा वा दफा ९ बमोजिम प्रहरी कर्मचारी खटाउँदा समेत दरबन्दी पूर्ति हुन नसकेमा त्यसरी रिक्त रहन गएको पदमा सम्बन्धित प्रदेशले प्रदेश प्रहरी सेवामा पदपूर्तिको लागि माग गरी मन्त्रालयमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीको पदमा पदपूर्ति गरिदिने गरी माग प्राप्त भएमा मन्त्रालयले त्यस्तो पदमा पदपूर्तिको लागि नेपाल प्रहरीमा हुने पदपूर्तिको व्यवस्था बमोजिम उम्मेदवार छनौट गर्ने व्यवस्था मिलाई त्यसरी छनौट भएका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरी पठाउन सक्नेछ ।

तर प्रदेश प्रहरी सेवा सम्बन्धी कानून बनिसकेको र प्रदेश लोक सेवा आयोग गठन भई कार्य प्रारम्भ गरेको अवस्थामा मन्त्रालयलाई जानकारी दिई प्रदेशको सम्बन्धित मन्त्रालयले यस दफा बमोजिमको पदमा प्रदेश स्तरमानै पदपूर्तिको व्यवस्था मिलाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्तिको लागि सिफारिस भई आएमा सम्बन्धित प्रदेश प्रहरीको रुपमा सम्बन्धित अधिकारीले नियुक्ति दिनु पर्नेछ ।

११. **<u>हाजिर हुनु पर्ने:</u>** (१) यस ऐनबमोजिम समायोजन भएका वा खटाइएका प्रहरी कर्मचारी बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र समायोजन गरिएको वा खटाइएको प्रदेशमा हाजिर हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन हुँदा वा खटाउँदाका बखत देहायको अवस्थामा रहेको प्रहरी कर्मचारीले देहायको अवधि समाप्त भएको पन्ध दिनभित्र सोही उपदफा बमोजिम प्रदेशमा हाजिर हुनु पर्नेछः-

(क) प्रसूति बिदा वा प्रसूति स्याहार बिदामा बसेको प्रहरी कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ख) किरिया बिदामा बसेको प्रहरी कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ग) निलम्बनमा रहेको प्रहरी कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको प्रहरी कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको प्रहरी कर्मचारीले अस्पतालबाट डिस्चार्ज भएको।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र हाजिर नहुने प्रहरी कर्मचारीलाई अख्तियारवालाले सेवाबाट अवकाश दिनेछ।

(४) उपदफा (३) बमोजिम प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिनुपूर्व प्रचलित कानून बमोजिम सफाई र स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम अवकाश पाएको प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिमको सुविधा पाउनेछ ।

(६) सम्बन्धित प्रदेशको अधिकारप्राप्त अधिकारीले यस ऐनबमोजिम प्रदेशमा समायोजन हुने प्रहरी कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

१२. **<u>समायोजन भएका प्रहरी कर्मचारीको सरुवा तथा बढुवा सम्बन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीलाई सम्बन्धित प्रदेशभित्र मात्र सरुवा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा प्रदेश प्रहरी सम्बन्धी कानून बमोजिम प्रदेशको सम्बन्धित अधिकारीले गर्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समायोजनको काम सम्पन्न नभएसम्मको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा खटाउन वा स्थानान्तरण गर्न सकिनेछ ।

(४) यस ऐन बमोजिम समायोजन भएका र बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेका प्रहरी कर्मचारी समायोजन भएको प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको लागि उम्मेदवार हुन सक्नेछन् ।

१३. <u>सेवाका शर्त र सुरक्षा सम्बन्धी मापदण्डः</u> (१) प्रदेशले आफ्नो प्रदेशको प्रहरी सम्बन्धी कानून बनाउँदा देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) प्रदेश प्रहरी कार्यालयको सङ्गठन संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारी अवकास नभएसम्म निज बहाल रहेको पद कायम नै रहने,

(ख) यस ऐन बमोजिम प्रदेश प्रहरीको कार्यालयमा कायम भएका नेपाल प्रहरीको दरबन्दी कायम रहने,

(ग) समायोजन हुँदाका बखत खाइपाइ आएको तलब तथा अन्य सेवा सुविधा कम नहुने कुरा सुनिश्चित गर्ने,

(घ) प्रदेश प्रहरीमा समायोजन र बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा सेवा अवधि पुरा गरेको प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने कुरा सुनिश्चित गर्ने,

(ङ) यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीले सङ्घीय प्रहरी सम्बन्धी कानूनमा निर्धारण गरिएको सेवा अवधि भन्दा कम्तीमा दुई वर्ष बढी अवधिसम्म सेवामा बहाल रहने कुरा सुनिश्चित गर्ने ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि यस ऐनबमोजिम समायोजन हुने प्रहरी कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनुपूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुनेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित प्रदेश सरकारले त्यस्तो सेवा शर्त सम्बन्धी कानूनलाई आवश्यक हेरफेर सहित लागू गर्न सक्नेछ ।

तर त्यसरी हेरफेर गर्दा उपदफा (१) प्रतिकूल हुने गरी हेरफेर गर्न पाइने छैन ।

(४) यस ऐन बमोजिम समायोजन भएका प्रहरी कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको तलब, भत्ता, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्नेगरी कानून बनाउन पाइने छैन ।

(५) यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटाइएको प्रहरी कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित प्रदेश सरकारले उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ । यसरी सुविधा दिंदा त्यसरी सेवाबाट अलग भएको प्रदेश प्रहरी कर्मचारीले नेपाल प्रहरीका समान दर्जाको प्रहरी कर्मचारी अवकाश हुँदा पाउने सुविधाभन्दा घटिबढी नहुने गरी दिइनेछ ।

तर भविष्यमा प्रहरी वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको प्रहरी कर्मचारीलाई यस उपदफा बमोजिमको सुविधा दिइने छैन ।

(७) यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीहरुलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम नेपाल प्रहरीको पदमा पदोन्नतीको अवसर प्रदान गरिनेछ।

(८) नेपाल प्रहरीलाई प्राप्त वैदेशिक छात्रवृत्ति अन्तर्गतका अध्ययन, तालिम, सेमिनार, गोष्ठी जस्ता अवसर आवश्यकता र औचित्यको आधारमा यस ऐन बमोजिम प्रदेश प्रहरीमा समायोजन हुने कर्मचारीलाई उपलब्ध गराइनेछ।

१४. **पुल दरबन्दी कायम हुने:** (१) दफा ७ को उपदफा (६) बमोजिम नेपाल प्रहरीको दरबन्दीमा समायोजन भए पछि बाँकी रहेका प्रहरी कर्मचारीहरु स्वतः फाजिलमा पर्नेछन् र त्यस्ता कर्मचारीहरुको दरबन्दी प्रहरी प्रधान कार्यालयको पुल दरबन्दीमा कायम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरुको विवरण प्रहरी प्रधान कार्यालयले राष्ट्रिय किताबखाना र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ र राष्ट्रिय किताबखानाले सो विवरण अद्यावधिक गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरुलाई अन्यत्र कामकाज गर्न खटाइएको अवस्थामा बाहेक प्रहरी प्रधान कार्यालयमा हाजिर गराइनेछ ।

(४) यस दफा बमोजिम पुल दरबन्दीमा कायम रहेका प्रहरी कर्मचारीलाई दफा ९ बमोजिम प्रदेश प्रहरीमा खटाइनेछ । यसरी प्रदेश प्रहरीमा खटाइएका प्रहरी कर्मचारीको दरबन्दी प्रदेश पुल दरबन्दीमा रहनेछ ।

(५) उपदफा (१) र (४) बमोजिमको पुल दरबन्दी वा प्रदेश पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरु प्रचलित कानून बमोजिम नेपाल प्रहरीको माथिल्लो पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

(६) उपदफा (१) र (४) बमोजिमको पुल दरबन्दी वा प्रदेश पुल दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरु माथिल्लो पदमा बढुवा भएमा, नेपाल प्रहरीको रिक्त दरबन्दीको पदमा सरुवा भएमा वा कुनै कारणले सेवामा नरहेमा त्यस्तो दरबन्दी स्वतः खारेज हुनेछ र सोही बमोजिम प्रहरी प्रधान कार्यालय र राष्ट्रिय किताबखानामा अभिलेख अद्यावधिक गरिनेछ ।

(७) यस ऐन बमोजिम प्रत्येक प्रदेशको लागि स्वीकृत दरबन्दीलाई सम्बन्धित प्रदेशको पुल दरबन्दीको रुपमा कायम गरिनेछ र यस ऐनबमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीको दरबन्दी सम्बन्धित प्रदेश पुल दरबन्दीमा रहनेछ ।

(८) सम्बन्धित प्रदेशको प्रदेश प्रहरी सम्बन्धी कानून बनी प्रदेश प्रहरीको दरबन्दी कायम भए पछि उपदफा (७) बमोजिमको प्रदेश पुल दरबन्दी स्वतः कट्टा भई त्यस्ता प्रहरी कर्मचारीहरु प्रदेश प्रहरीको दरबन्दीमा कायम भएको मानिनेछ ।

१५. **समन्वय समितिः** (१) प्रहरी कर्मचारी समायोजन सम्बन्धमा समन्वय तथा अनुगमन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने प्रयोजनको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

(क) नेपाल सरकारको गृहमन्त्री –संयोजक

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिव –सदस्य

(ग) मन्त्रालयको सचिव – सदस्य

(घ) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला

मन्त्रालयको सचिव –सदस्य

(ङ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

१६. **दरबन्दीको अभिलेखः** (१) दफा ३ बमोजिम कायम भएको नेपाल प्रहरी तथा प्रदेश प्रहरीको सङ्गठन संरचना र दरबन्दीको अभिलेख राष्ट्रिय किताबखानाले अद्यावधिक गरी राख्नेछ ।

(२) दफा १४ बमोजिमको पुल दरबन्दी तथा प्रदेश पुल दरबन्दी कायम भएको तथा खारेज भएको विवरण राष्ट्रिय किताबखानाले अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) यस ऐनबमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीको विवरण, निजहरुको बढुवा तथा अवकाशको अभिलेख राष्ट्रिय कितावखानाले अद्यावधिक गरी सुरक्षित राख्नेछ ।

(४) उपदफा (५) बमोजिम राखिएको अभिलेख आवश्यकता अनुसार सम्बन्धित प्रदेशलाई समेत उपलब्ध गराउन सकिनेछ ।

१७. **दरबन्दी सृजना र पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनबमोजिम समायोजनको कार्य सम्पन्न नभएसम्म दफा ३ बमोजिमको अवस्थामा बाहेक नेपाल प्रहरी र प्रदेश प्रहरीको कुनै निकायको लागि सङ्गठन संरचना र दरबन्दी सृजना गरिने छैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्रहरी कर्मचारीको समायोजन भएपछि रिक्त हुन आउने नेपाल प्रहरी सेवाको पदमा दफा १४ बमोजिम पुल दरबन्दीमा रहेकासम्बन्धित समूह वा उपसमूहका प्रहरी कर्मचारीलाई ज्येष्ठताको आधारमा मिलान गरेर बाँकी पदमा मात्र पदपूर्ति गर्न सकिनेछ ।

१८. **यसै ऐन बमोजिम हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ र अन्य विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१९. **आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नेपाल सरकारले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

२०. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।